# Governance Issues and Challenges

For: Nepal Administrative Staff College

PURNA CHANDRA BHATTARAI

# प्रस्तुतीको ढांचा

- State and Government,
- Governance and government,
- Functions and dimensions of governance,
- Actors, issues and challenges of governance,
- Role of civil servants in ensuring good governance in present context.

# राज्य

## राज्यको निर्माणः

इजनताले आफ्नो सुख सम्बृद्धि कायम गर्न, विधिको शासन लागू गर्न, कमजोर बर्गलाई सहयोग गर्न, समाज विरुद्धका व्यवहारलाई अपराधमानी दण्ड दिन र नागरिकको पहिचन दिन राज्यको निर्माण गरेको हुन्छन् ।

## राज्यका तत्वहरुः

- जनसंख्या,
- भूगोल,
- सरकार र
- सार्वभौमसत्ता

## आधुनिक राज्यको पहिचानः

- दण्डमा एकाधिकार
- करमा एकाधिकार,
- जनताको बफादारिता
- अन्तर्राष्ट्रिय मान्यता

# सरकार

## अर्थ:

- राज्य निर्माणको अनिवार्य तत्व ।
- जनताको संगठित शक्ति ।
- जनताको सार्वभौमता अभिव्यक्ति गर्ने संयन्त्र ।
- राज्यको आन्तरिक मामीला सुव्यस्थित तथा संस्थागत गर्ने संयन्त्र हो सरकार ।
- राज्यको आत्मा हो सरकार ।
- राज्य हुन आवश्यक एक अवयव हो सरकार ।

# सरकार....

## A. What is Government ?

- राज्य अमूर्त चिज हो, सरकार भनेको एउटा संरचना हो, राज्य को संगठन हो, जुन द्वारा उसले निश्चित सीमा भित्र शासन गर्दछ ।
- राज्यको कार्यहरु गर्ने एजेन्ट वा प्रतिनिधि वा वारेसको रुपमा सरकार रहेको हुन्छ ।
- व्यापक अर्थमा राज्यको पर्यायवाची सरकार हो ।
- सरकार; राज्य एवं शासन व्यबस्था संचालन गर्नका लागि स्थापना हुने राज्यको एउटा संस्थागत संयन्त्र हो ।
- राज्यका नीतिहरुको निर्धारण गर्ने र कार्यान्वयन गर्ने एउटा माध्यम (means) र संयन्त्र (mechanism) पनि हो सरकार ।
- कानून निर्माण गर्ने, लागू गर्ने, पालना गर्नुको साथै उलङ्घन गर्नेलाई कानूनको निर्धारित तरिका र कार्यविधिको प्रयोग गरी दण्डित गर्ने निकायको रुपमा रहेको हुन्छ सरकार ।

# सरकार र शासन (Government and governance)

## सरकारको अवधारणा

- राज्य सञ्चालनका सन्दर्भमा सार्वजनिक मामलाहरुको व्यवस्थानको समग्र विधि, प्रक्रिया, संरचना, पात्र र कार्यहरुको समष्टि स्वरुप नै सरकार हो ।
- राज्यको उत्पतिसँगै यसको अनिवार्य तत्वको रुपमा सरकारलाई लिएको पाइन्छ ।
- राज्य र जनतावीच मध्यस्थ/पुलको कार्य गर्ने संस्थाको रुपमा यसको पहिचान गरियो ।
- चाहे प्रजातान्त्रिक होस् वा निरंकुश विश्वका प्राय सबै मुलुकमा कुनै न कुनै रुपमा सरकारको अस्तित्व छ ।

# सरकार र शासन (Government and governance)...

## B. What is Governance?

- राज्यको आर्थिक, सामाजिक तथा राजनीतिक मामिलाहरुको व्यवस्थापनको कार्य । (WB).
- सामुहिक मुद्दा र समस्याहरुको व्यवस्थापन र समाधान पनि हो ।
  (Endelein et al – Handbook on Multi-level Governance, 2010).
- विकासका दृष्टिकोणले शासन भन्नाले राज्य र नागरिक बीच विकासका उद्देश्य प्राप्तीको माध्यम र एउटा कार्य पनि हो ।
- बहुकेन्द्रीत (polycentric) शक्तिसंग जोडिएको विषय हो । यसका बहुकर्ताहरु हुन्छन् ।

# शासन (Governance)

- जनहितकालागि **सार्वजनिक मामिलाहरुको व्यवस्थापन गर्ने कार्य** शासन हो । यसमा सरकार, निजी क्षेत्र र नागरिक समाजको संलग्नता रहन्छ । शासनमा धेरै पात्रहरु (Actors) को सहभागिता भएतापनि अन्तिम जिम्मेवारी सरकारकै हुन्छ ।
- शासन भनेको **संगठन र समाजलाई हाक्ने कला** हो ।
- राज्य राज्य संचालनका प्रत्येक तहमा प्रयोग गरिने **शासकीय अधिकारको व्यवस्थापन** गर्ने कार्य हो ।
- शासन गर्दा प्राप्त **शक्ति** (Power), राज्य **कोष** (Purse) **र जिम्मेवारी** (Responsibility) **नागरिकको हितमा** प्रयोग गर्नु पर्दछ ।

# सरकार र शासन

| क.सं | सरकार | शासन |
|---|---|---|
| १ | निश्चित समयमा शक्तिमा रहेको समूह नै सरकार हो । | शासन भनेको सम्पूर्ण प्रक्रिया, प्रणाली, पात्र तथा संस्थाहरुको समष्टि हो । |
| २ | सरकार शासन सञ्चालनको उपरी संरचना (Super Structure) हो । | शासन सरकारले अन्य पात्ररुसंगको समन्वय र सहयोगमा कार्यसम्पादन गरेको अवस्था (State of functioning) हो । |
| ३ | सरकारमा राज्यसंग सम्बन्धित सुस्पष्ट परिभाषित पात्रहरु संलग्न हुन्छन् । | शासनमा राज्य तथा गैर राज्यीय धेरै पात्रहरु (निजी एवं गैह्र सरकारी) को संलग्नता रहन्छ । |
| ४ | सरकारले सार्वजनिक संगठनको प्रशासनलाई मात्र जनाउने गर्छ । | शासनले सार्वजनिक तथा निजी दुवै किसिमका संगठनहरुको प्रशासनलाई जनाउंदछ । |
| ५ | सरकार कठोर औपचारिक संस्था तथा कार्यविधिमा आधारित हुन्छ । | शासन निरन्तर विकास र सुधार भइरहने लचक संस्था तथा कार्यविधिमा आधरित हुन्छ । |

# Role of the actors of governance

## १. सार्वजनिक क्षेत्र:

- ✓ नीति व्यवस्थापन (policy management),
- ✓ नियमन (regulation),
- ✓ समताको सुनिश्चितता (ensuring equity),
- ✓ विभेद र शोषणबाट संरक्षण (preventing discrimination or exploitation),
- ✓ सेवाको निरन्तरता र स्थिरताको सुनिश्चितता (ensuring continuity and stability of services),
- ✓ सामाजिक सद्भावको सुनिश्चितता (ensuring social cohesion)
- ✓ समष्टिगत आर्थिक स्थायित्व - (Economic stability)

## २. निजी क्षेत्र (tends to be better at):

- ✓ आर्थिक कर्याहरुको सम्पादन (performing economic tasks),
- ✓ नवीनता (innovating) र अविष्कारलाई प्रवर्द्धन,
- ✓ सफल अनुभवहरु दोहऱ्याउनु (replicating successful experiences),
- ✓ तीव्र पर्रर्वतनको अनुकुलन (adapting to rapid changes),
- ✓ असफल तथा पुराना अप्रचलित कार्यहरुलाई छाड्ने (abandoning unsuccessful or obsolete activities),
- ✓ जटिल र प्राविधिक कार्यहरुको सम्पादन गर्न । (performing complex and technical tasks)
- ✓ उत्पादन र उत्पादकत्व बढाई आर्थिक बृद्धि हांसिल गर्ने । (increase production & productivity)

# Role of the actors of governance

३. नगारिक समाजः (Third sector)

- ✓ गैहृनाफामूलक (non profitable), स्वयंसेवी एवं च्यारिटी कार्यहरु,
- ✓ व्यक्तिहरुप्रति सहानुभूतिमूलक (compassion), र प्रतिबद्धताको माग गर्ने पैरवी तथा दवाव सृजना गर्ने किसिमका कार्य),
- ✓ सैवग्राहीको अत्यधिक विश्वास (extensive trust ) आवश्यक पर्ने नागरिक अनुगमन र नागरिक निगरानीका कार्यहरु,
- ✓ व्यक्तिगत तवरले ध्यान प्ुऱ्याउनु पर्ने (hands-on personal attention) प्रकृतिका कार्यहरु र
- ✓ सामाजिक सचेतना अभियान, नैतिक आचार र व्यक्तिगत जिम्मेवारीको प्रवर्तन (enforcement) गर्ने कार्य ।

४. अन्तर्राष्ट्रिय समुदाय तथा संस्थाहरु (International Organization ..)

- अन्तर्राष्ट्रिय व्यापार,
- पूजी, प्रविधि र ज्ञान हस्तान्तरण,
- अन्तर्राष्ट्रिय सन्धी, महासन्धी तथा अन्तर्राष्ट्रिय कानून,
- अन्तर्राष्ट्रिय सहयोग,
- अन्तर्राष्ट्रिय जगतमा मुलुकको हितको पवर्द्धन ।

# शासनका आधारभूत पक्षहरु:

- **राजनैतिक सत्ता** (Political regime)
- **निर्धारित प्रक्रिया** (Process) : विधिको शासन
- **संरचना** (Implementation Structure): नीति निर्माण र नीति कार्यान्वयन गर्ने दुई किसिमका संरचनाहरु हुन्छन् ।
- **व्यवस्थापन तथा कार्यसम्पादन प्रणाली** ( Management and Performance Capacity)
- **बोध तथा मूल्यहरु** (Cognition and Values):- शासन हुन राज्यको संरचनाको निष्पक्षता, सदाचारिता, प्रतिनिधित्व, पारदर्शिता, जवाफदेहिता आदिजस्ता मूल्य मान्ताको अनुसरण गरी अभ्यास गर्नु पर्दछ ।
- **संविधान** (Constitution)
- **नीति** (Policy)
- **संस्था तथा संगठनहरु** (Institution and Organization): संवैधानिक तथा कानूनी तवरले अनुमोदित संस्थाहरु तथा प्रभावकारी ढगले क्रियाशील संगठनहरुबाट मात्र स्वस्थ्य र प्रभावकारी शासन प्रणाली संभव हुन्छ ।
- **अन्तर्राष्ट्रिय** एवं विश्वव्यापी शक्तिहरुसंग (International and Global Forces) **सहयोग,** साझेदारी र सहकार्य हुनु पर्दछ ।
- **असल शासनका गूणहरु** (Characteristics of good governance) -नैतिकता, उत्तरदायीत्व र पारदर्शि प्रणाली र मूल्यहरुको व्यवस्था गरिनु पर्दछ ।
- **शासकीय** प्रक्रियामा **नागरिकहरुको संलग्नता** ( Citizen Engagement)।

# Governance can be conceptualized at two 'orders'

- शासनलाई दुई तहबाट हेरिनु पर्दछः
  - ✓ **पहिलो तह** भनेको राजनीतिसंग जोडिएको हुन्छ । राजनीति भन्नासाथ शक्तिको बाँडफाँड, यसको बैधता (legitimacy), शक्तिको स्रोत, सार्वजनिक समस्या (public problem) समाधानमा शक्तिको प्रयोग आदि (कहां, कसले गर्ने) विषय जोडिएको हुन्छ ।
  - ✓ **दोस्रो तह** नीतिसंग जोडिएको हुन्छ । नीति भन्नासाथ नीति तर्जुमा तथा कार्यान्वयनका निमित्त आवश्यक पर्ने संरचनागत, संगठनात्मक र नियमन सम्बन्धी व्यवस्थाहरु (के, कसरी गर्ने) पर्दछन् ।

# कार्यसम्पादनमा (Performance) यी कुरामा झल्कनु पर्दछ :

- **बैधता (Legitimacy)**

  (i) शासनमा संलग्न पात्रहरुले नियमन र कानूनको पालना कसरी गर्दछन् ?

  (adherence to rules and institutions ) र

  (ii) शासनमा संलग्न व्यक्ति वा संस्थागत पात्रहरुमाथि जनताको विश्वासको स्तर

  (trust on the part of citizens) कस्तो रहन्छ ?

- **कार्यक्षमता (Efficacy) :-** शासकको समस्या समाधान गर्न सक्ने क्षमता । (capacity of power holders to find solutions to collective problems)

- **कार्यप्रभावकारिता (Effectiveness)** शासन प्रणालीको कार्यसम्पादनको मुख्य पक्ष भनेको यसको कार्यान्वयन गर्ने क्षमता (capacity to implement policies) अर्थात् **आम नागरिकको हितको लागि के कस्तो परिवर्तन र नतिजा ल्याउन सक्यो** (Outcome) भन्ने नै हो ।

- **स्थिरता:** राम्रो कार्यसम्पादनले स्थिरता (stability) ल्याउँछ । नराम्रो कार्यसम्पादनले अस्थिरता (instability) ल्याउँछ ।

# सरकारका के का निमित्त?

- सुरक्षाको निमित्त (For security)
- सम्बृद्धिका निमित्त (For promoting prosperity–Growth)
- समताको निमित्त (For equity)

(The World Bank , 2017)

# Functions and dimensions of governance

## A. Functions of Governance:

- शान्ति तथा सुव्यवस्था,
- राष्ट्रिय नीति निर्धारण (कानूनी आधारशीला सहित),
- आधारभूत संरचनाहरुको (infrastructure) विकास,
- सेवा प्रवाह, सेवा प्रदायकहरुलाई उपयुक्त वातावरण (conducive) को निर्माण,
- बजारको (सेवा, गूणस्तर तथा नियमितता) अनुगमन र नियमन ,
- अन्य क्षेत्रबाट सामान्यतः सञ्चालन हुन नसक्ने अनुसन्धान तथा तालिम सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कन,
- अन्य क्षेत्रबाट सञ्चालन हुन नसक्ने तर आवश्यक बाँकी कार्यहरु* ।

* प्रशासन सुधार आयोगको प्रतिवेदन २०४८

# Functions and dimensions of governance .....

## B. Dimensions:

१. **राजनीतिक (Political)-**

- जननिर्वाचित प्रतिनिधिबाट शासन संचालन , कानूनी राज्य, मानव अधिकार, विकेन्द्रीत शासन, आवधिक निर्वाचन, सहभागिता

२. **सामाजिक (Social)-**

- विभेद र असमानताको अन्त्य, विविधता व्यवस्थापन, सांस्कृतिक सम्पदाको संरक्षण, गरिवी निवारण, शिक्षा स्वास्थ्य खानेपानी र सरसफाईमा लगानी, सामाजिक सुरक्षा र न्याय, साधनस्रोतको समानुपातिक वितरण, मुलुकको समान विकास ।

# Functions and dimensions of governance ...

## ३. आर्थिक (Economic)-

- स्रोतको सृजना (Resource Creation), आर्थिक बृद्धि (Economic growth and development), प्रतिव्यक्ति आयमा बढोत्तरी, रोजगारी सृजना, पूजीनिर्माण, बचत र लगानी, बैदेशिक सहायता परिचालन, व्यापार र लगानीआदिमा सुधार गरी आर्थिक सूचक राम्रो अवस्थामा पुऱ्याउने ।

## ३. संस्थागत (Institutional)-

- शासन सञ्चालन गर्न आवश्यक पर्ने कानूनी तथा नीतिगत प्रावधानहरु जस्तै विधि, प्रकृया, ऐन/नियम/कानूनहरु, प्रशाससनिक संस्था लगायत सवै संरचनाहरु आदि ।

## ४. नैतिक (Ethical)-

- शासकीय पात्रहरुको आचरण र अनुशासनको विषय, सदाचारिता, व्यवसायिकता, सामाजिक उत्तरदायित्व बहन, भ्रष्टाचार निवारण आदि।

# Functions and dimensions of governance ...

## ५. अन्यः

- **प्रेश र सूचनाः** प्रेश स्वतन्त्रता, सूचनाको हकको प्रचलन, नागरिक समाजको निगरानी, Report Card र नागरिक सर्भे ।
- **वातावरणीय :** दीगो विकास, वातावरणीय संरक्षण, प्राकृतिक स्रोत साधनको संरक्षण र सदुपयोग, जैविक विविधताको संरक्षण, वातावरणमैत्री विकास, नवीकरणीय बैकल्पिक उर्जाको प्रयोग, सार्वजनिक सामाजिक उत्तरदायित्वको विकास (Corporate culture)।
- **सार्वजनिक क्षेत्रको प्रभावकारी व्यवस्थापनः** योग्यतमूलक प्रशासन, सार्वजनिक वित्तको उचित व्यवस्थापन, उच्च नैतिक नेतृत्व ।
- **न्यायीक तथा निगरानीमूलक निकयहरुको प्रभावकारिताः** स्वतन्त्र र सक्षम न्यायपालिका, संसदीय समिति, सुशासन सम्बद्ध अन्तर्राष्ट्रिय निकायहरुसंगको सहकार्यता ।
- **शक्तिको विन्यासः** जवाफदेहिता सहित विकेन्द्रीकरण, समुदायमा आधारित विकास, सेवाग्राहीबाट निगरानी, परियोजनामा हितग्राही र लाभग्राहीहरुको सहभागिता ।

# शासनका (प्रभावकारी शासन व्यवस्था) सूचकहरुः

- नियमन क्षमता,
- राजनैतिक विश्वसनियता,
- आवाज र उत्तरदायित्व (Voice and Accountability)
- विधिको शासन,
- भ्रष्टाचार नियन्त्रण,
- सेवा प्रवाहः
  - ✓ सेवाग्राहीको सन्तुष्टि,
  - ✓ सेवा प्रवाहको प्रभावकारी संयन्त्र,
- अन्य सूचकहरु :
  - ✓ पारदर्शी र सरलीकृत कार्य प्रक्रिया,
  - ✓ नीति चक्रमा नागरिक सहभागिता,
  - ✓ बहिस्कृत तथा पछाडि परेका समुदायको शासनमा सहभागिता,
  - ✓ स्पष्ट कानून, नियमन, कार्यविधि र प्रक्रियाको व्यवस्था,
  - ✓ प्रेश स्वतन्त्रत
  - ✓ वित्तीय स्रोतमा स्वायत्तता ।

# Issues and challenges of governance in present context

- **राज्यको पुनर्संरचना**को तर्कपूर्ण व्यवस्थापन (Logical end) हुन सकिरहनेको छैन,
- राज्यप्रति सबै बर्ग जनताको स्वामित्व बोध गर्ने गरी **गरिबकोमा राज्य** पुऱ्याउन सकिएन,
- **लोकतन्त्रको लाभांस** (Democratic Deficit) नागरिक सम्म (Governance Gap) पुग्न सकेन,
- **राजनीतिज्ञ र कर्मचारीतन्त्र प्रति विश्वासको कमी** (Low Level of confidence with politicians and bureaucrats)
- **सेवा प्रवाहमा सुधार** (Inability to deliver services in an efficient, effective, equitable and accountable manner) आउन सकेन,
- संविधान बमोजिम **स्थानीय तह**को व्यवस्थापनले **गति लिन सकिरहेको छैन,**

# Issues and challenges.....

- मुलुकमा **निरासा** हट्न नसक्नु,
- राज्य शक्तिको **क्षमताको ह्रास** (Erosion of Capacity),
- **स्रोत साधनको उचित प्रयोग हुन नसक्नु दुरुपयोग** (Lack of proper use of resources ),
- कमजोर, पछाडि परेका तथा सिमान्तीकृत बर्गको **मूलप्रवाहीकरण**ले अपेक्षाकृत गति लिन नसक्नु,
- भ्रष्टाचार नियन्त्रणको सूचकमा सुधार आउन नसक्नु,
- परिवर्तीत परिवेश अनुसार मुलुकको **परराष्ट्रनीतिको सन्तुलित व्यवस्थापन** हुन नसक्नु ।

# कानूनमा सुशासन

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले “मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलव्ध गराउनस कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्ररण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधरणले पाउने सेवा छिटो, छरितो र कम खर्चिलो ढङ्गबाट पाउने व्यवस्था” हुनु लाई सुशासनकोरुपमा समेटेको छ ।

# सुशासन

## राजनीतिक आयाम

- लोकतान्त्रिक शासन व्यवस्था;
- स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन;
- जनसहभागिताको परिचालन;
- गरीबमुखी शासन;
- नागरिक समाजको प्रवर्धन;
- विकेन्द्रीकरण;
- मानव अधिकारको प्रत्याभूति;
- सार्वजनिक उत्तरदायित्व।

## व्यवस्थापकीय आयाम

- सक्षम र छरितो सरकारी संयन्त्र;
- चुस्त प्रशासनयन्त्र;
- स्रोत साधनको समुचित परिचालन;
- निजी र सरकारी क्षेत्रको सहयात्रा;
- मानवीय स्रोतको उच्चतम परिचालन;
- सेवा प्रवाहमा सरलता, प्रभावकारिता र गुणस्तरीयता;
- सशक्तिकरण;
- उदारीकरण र निजीकरण।

## नैतिक आयाम

- पारदर्शिता र स्वच्छता;
- भ्रष्टाचार निवारण;
- उपभोक्ता वर्गको सार्वभौमिकता;
- नैतिकता र इमान्दारिताको प्रवर्धन;
- आचरण र व्यवहारमा सुधार।

# संयुक्त राष्ट्रसंघको आँखामा सुशासन

**Good Governance**

**Accountable**
उत्तदायित्व

**Transparent**
पारदर्शिता

**Responsive**
जवाफदेहीता

**Participatory**
सहभागिता

**Consensus Oriented**
सहमतीउन्मुख

**Rule of law**
कानूनको शासन

**Effective and Efficient**
प्रभावकािता एवं दक्षता

**Equitable and Inclusive**
समता र समावेशीता


पारदर्शिता
सार्वजनिक उत्तरदायित्व
प्रभावकारिता,
सुशासनका आधारभूत तत्वहरु
कानूनको शासन
भ्रष्टाचार नियन्त्रण
२६

# सुशासनका सौन्दर्य (beauty) :

- सिद्धान्तमा आधारित (Principle based)
- मूल्यमा आधारित (Value oriented)
- नागरिक केन्द्रीत (Citizen centric)

# सुशासन र भ्रष्टाचार नियन्त्रण :

- सुशासन असल शासन हो भने भ्रष्टाचार कुशासनको उपज हो जहाँ निजी लाभका लागि सार्वजनिक पदको दुरुपयोग गरिन्छ ।
- भ्रष्टाचार र आर्थिक अपराध मौलाएको अवस्थामा सुशासनको परिकल्पना गर्न सकिदैन ।
- लामो समयदेखि नेपाल ट्रान्सपरेन्सी इन्टरनेशनलको सुशासन सूचकाङ्कमा (३० अंकभन्दा कम पाई) भ्रष्टाचार व्याप्त मुलुकहरुको सूचीमा परेको छ।

# How is our governance ? (Comparison)

| | Indicaters | Nepal | Other countries | Remarks |
|---|---|---|---|---|
| 1 | HDI ( 2015) | .558 | .558 | Srilanka |
| 2 | GDP | $ 66 billion | $231. billion | Srilanka |
| 3 | Trust in national government | 47 %; | 74 % | Srilanka |
| 4 | Confidence in judicial system | 58 % | 77 % | Srilanka |
| 5 | Life satisfaction index ( 0-10) : | 4.8 | 7.6 | Norway |
| 6 | Below Poverty line ( 2005-14): | 25.2 | 10.5 | Thailand |
| 7 | GNI Per-capita ( 2015) | $ 2337 | $10789 | Sri Lanka |

(Source : UNDP, 2016)

# विश्व बैंका सुशासनक मापनका आयामहरु 1996–2015,

| | Indicators | Nepal | India | Netherland | Afghanistan | Bangladesh | Srilanka |
|---|---|---|---|---|---|---|---|
| 1 | Voice and Accountability | 29.92 | 60.59 | 98.03 | 16.26 | 30.54 | 35.96 |
| 2 | Political Stability and Absence of violence/Terrorism | 16.19 | 16.67 | 78.57 | 1.43 | 11.90 | 46.67 |
| 3 | Government Effectiveness | 13.46 | 56.25 | 97.12 | 8.17 | 24.04 | 53.37 |
| 4 | Regulatory Quality | 25 | 39.90 | 96.15 | 13.46 | 17.31 | 51.92 |
| 5 | Rule of Law | 26.92 | 55.77 | 97.12 | 2.40 | 27.40 | 59.62 |
| 6 | Control of Corruption | 35.58 | 44.23 | 94.71 | 4.81 | 18.27 | 45.19 |
| | | | | | | | |

# सन् २०१५ र २०१६ मा सार्क मुलुकहरुको स्थिति

| देशको नाम | CPI Score (2015) | Rank/168 2015 | CPI Score (2016) | Rank/176 2016 |
|---|---|---|---|---|
| भुटान | ६५ | २७ | ६५ | २७ |
| भारत | ३८ | ७६ | ४० | ७९ |
| श्रीलंका | ३७ | ८३ | ३६ | ९५ |
| माल्दिभ्स | NA | NA | ३६ | ९५ |
| बंगलादेश | २५ | १३९ | २६ | १४५ |
| पाकिस्तान | ३० | ११७ | ३२ | ११६ |
| नेपाल | २७ | १३० | २९ | १३१ |
| अफगानिस्तान | ११ | १६६ | १५ | १६९ |

# केही उपलब्धी:

| | | |
|---|---|---|
| 1 | Economic Growth | 6.9 % |
| 2 | MDG | Grossly Achieved |
| 3 | LDC Graduations<br>▪ GNI per capita<br>▪ Human Assets Index (HAI)<br>▪ Economic Vulnerability Index (EVI) | Hope to achieve |
| 4 | Forestry | Community Forest |
| 5 | Community Infrastructure | ▪ Suspension Bridges 7000<br>▪ Rural Road Network 55,000 km |
| 6 | Election | On the process |

# नेपालको सन्दर्भमा सुशासनका केही कुराहरु

Adobe Acrobat Document

- सुशासनको हल्ला गरेको **दुई दशक व्यतित** भइसकेको छ ! उपलव्धीका सूचकहरु हेरौ कस्तो छ ??
- दाताको प्रेरणामा, राम्रो संग नबुझिकनै लहैलहैमा (Craze) "**रामराज्य**" नै स्थापना हुन्छ कि जसोगरी प्रस्तुत गरियो ।
- सुशासनका थुप्रै आयामहरु छन् तर **प्रशासनिक आयाममा मात्र ध्यान केन्द्रीत** गर्‍यौ । आम रुपमा जानु पर्ने **रानजीतिज्ञले** नारा दिने तर **स्वामित्व लिएको देखिएन** ।
- शासनमा **केन्द्रीकृत मानसिकता** हावी छ, शक्तिमा साझेदारी (share power) प्रति उदासिना हटेको छैन ।
- प्रत्येक सरकारले जनचाहनाकालागि काम गर्ने भनेतापनि ती **जनचाहनालाई के ले परिपूर्ति गर्दछ** ? भनेर ध्यान पुर्‍याउन सकेको छैन ।
- हम्रो समाजीक संस्कृति नै **व्यक्तिकेन्द्रीत** छ, ठूलोले सानो लाई आदेश दिने, नियन्त्रण गर्ने प्रणालीमा आवद्ध छ, सरकारी संयन्त्रमा यो झनै झ्याङ्गिएको अवस्था छ ।
- सुशासनको तत्कालिन र दीर्घकालिन चाहनाका बीच **सन्तुलन** (trade-offs) नभएको जस्तो छ, हामी तत्कालिन (Short term) मा बढी केन्द्रीत (Focus) भयौ ।
- राज्य सञ्चालकहरु र नागरिकहरु बीच विश्वासको कमी छ, राज्य का **Actors** संग कानूनी शक्ति त छ तर त्यसको प्रयोगबाट जनाताको विश्वास जितेका छन् त ?, उनीहरुको अधिकार कानूनी त होला तर **बैधता छ कि छैन** ? (Legality vs legitimacy) प्रश्न खडा हुने गरेको छ ।

# केही सुझावहरु

- **राजनीतिक सुधार**मा ध्यान दिने,
- मालिक "जनता" को आवाज सुनिने गरी प्राय बाहिर आउदैन । त्यसैले "एजेन्ट" कर्मचारीले मालिक (principle) **नागरिकका हितमा संरचना र प्रणाली मजबुत बनाउनु** पर्दछ ।
- **भ्रष्टाचार विरुद्ध** अप्रतक्ष (indirect approach) तथा कम प्रतिरोधात्मक क्षेत्रबाट प्रवेश गर्ने **रणनीतिको** (military approach to tackling enemies) अवलम्बन गर्ने ।
- सक्षम संस्थाको (center of excellence) विकास गरी नेतृत्व दिने र यसका **champions** को प्रवर्तन गर्ने ।
- राम्रा सिकाई (Best practice) नै किन नहोस् को अन्धानुसरण होइन, हाम्रो परिप्रेक्षमा **उपयुक्त र व्यवहारिक** (Best fit) कार्यान्वयनमा उत्तिकै ध्यान दिने ।
- जनताको **आवाज र उत्तरदरदयी**को प्रवर्द्धन गर्ने ।
- नीति बनाउदा "राम्रा नीति" भनेका **कार्यान्वयन योग्य नीति** हुन् भनी बुझ्नु पर्दछ ।
- सरकारप्रतिको विश्वास बढाउन निर्णयप्रक्रियामा रितपुऱ्याउने किसिमले नभई **रुपान्तरणीय विधिले** नागरिकको **अर्थपूर्ण सहभागिताको** प्रवर्द्धन गर्नु पर्दछ ।
- काम गरेर मात्र हुंदैन त्यससंग संबन्धित मुद्दा र समस्याहरुलाई इमान्दारीपूर्वक, बुझिने गरी **राम्रो संग जानकारी** दिनु पर्दछ ।

# Role of civil servants in ensuring good governance

- प्रसाशनको कार्यक्षेत्र:
  - ✓ राजनीतिक नेतृत्वलाई नीति निर्माणमा सहयोग गर्ने,
  - ✓ सरकारद्वारा निर्धारित नीतिलाई निष्पक्षताका साथ कार्यान्वयन गर्ने,
  - ✓ शान्ति सुरक्षा र स्थायीत्वको प्रत्याभूति गर्ने,
  - ✓ सामाजिक, आर्थिक परिवर्तनलाई संस्थागत गर्ने,
  - ✓ व्यापारीक सेवाहरुको व्यवस्थापन गर्ने,
  - ✓ आर्थिक विकास हांसिल गर्ने,
  - ✓ कमजोर बर्गका मानिसहरुको संरक्षण गर्ने,
  - ✓ सार्वजनिक नीतिका सम्बन्धमा जनमत परिचालन गर्ने, र
  - ✓ राजजनीति विकासक्रमलाई प्रभावित (रुपान्तरणमा सहयोग) गर्ने ।

सार्वजनिक प्रशासनको पच्चीस बर्षीय गुरुयोजना अध्ययन प्रतिवेदन, २०५५


सुधारका प्राथमिकताहरु
नीति गत कार्य
नेतृत्व क्षमता
कार्यसम्पादन
सदाचार
योजना तथा विकाश
खर्च व्यवस्थापन
भ्रष्टाचार नियन्त्रण
क्षमता विकास
विधि र प्रक्रियाको स्थापना/ अनुपालना
विविधता तथा द्वन्द व्यवस्थापन
विविधः शासन प्रणालीमा नागरिकको अर्थपूर्ण सहभागिता

# Role of civil servants in ensuring good governance in present context

- सङ्घीय प्रणालीको कार्यान्वयनमा सहयोग तथा सहजीकरण,
  - ✓ संक्रमण व्यवस्थापन तथा कर्मचारी समायोजन,
  - ✓ प्रशासनिक पुर्नसंरचना,
  - ✓ कार्यजिम्मेवारी हस्तान्तरण,
  - ✓ निर्वाचनको आयोजनमा सहयोग ।
- कार्यसम्पादनमा प्रभावकारिता
  - ✓ कार्य सरलीकरण,
  - ✓ काम र सेवाको गुणस्तरीयता अभिबृद्धि ।
- वित्तीय कुशलताः
  - ✓ खर्चमा नियममितता, मितव्ययिता तथा प्रभावकारीता,

# Role of civil servants in ensuring good governance ....

- सेवा प्रवाहः
  - ✓ सार्वजनिक सेवाको अविछिन्न प्रवाह,
  - ✓ प्रविधिको उपयोग,
- प्रशासनयन्त्रको वैघताको स्थापना गर्ने :
  - ✓ नतिजामूलक कार्यसम्पादन,
  - ✓ सेवा तहमा सेवाग्राही प्रति प्रत्यक्ष उत्तरदायित्व निर्वाह ।
- नागरिक सशक्तिकरणः
  - ✓ स्थानीय तहमा नागरिक सशक्तिकराका माध्यमबाट आवज उठाउन र न्यायको माग र पहुंचकालागि समक्षम बनाउने ।
- विविधता व्यवस्थापन र द्वन्द व्यवस्थापनः
  - ✓ जाति, भाषा, धर्म, सुगम-दुर्गम सवैको प्रतिनिधित्व र सम्मान,
  - ✓ द्वन्द व्यवस्थापन ।

# Role of civil servants in ensuring good governance ....

- मानसिकतामा परिवर्तन (Mind set change):
  - ✓ Centralized, unitary system of governance to federal system,
  - ✓ Controlled to devolution,
  - ✓ Compartmental (Ministerial Horizon) to Holistic approach,
- बुझाई र सम्झाईमा एकरुपताः
  - ✓ सहकारितामा आधारित, तीनै तहका सरकार मिलेर काम गर्नु पर्ने,
  - ✓ सङ्घीयता अनुकल सहजीकरण,
  - ✓ स्थानीय सेवा एकाईहरुलाई बुझाउने ।

धन्यवाद् !